# सिद्धलेक गाउँपालिका

## विपद तथा सुरक्षित आप्रवासन राहत तथा आर्थिक सहायता कोष संञ्चालन निर्देशिका २०७४

| कार्यपालिकाबाट स्वीकृत मितिः – २०७४।१२।२९ |
| --- |

सिद्धलेक गाउँपालिका

# विपद तथा सुरक्षित आप्रवासन राहत तथा आर्थिक सहायता कोष सन्चालन निर्देशिका २०७४

**१) संक्षिप्त नाम र प्रारम्भ**

(क) यो निर्देशिकाको नाम सुरक्षित आप्रवासन राहत तथा विपद आर्थिक सहायता कोष व्यवास्थापन तथा सन्चालन निर्देशिका २०७४ हुनेछ ।

(ख) यो निर्देशिका सिद्धलेक गाउँपालिकाको बैठक बाट स्विकृत भएको मितिबाट लागु हुने छ ।

**२ परिभाषा :**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "कार्यलय"भन्नाले सिद्धलेक गाउँपालिकाको कार्यलय सम्झनु पर्छ ।

ख) "राहत तथा आर्थिक सहायता कोष" भन्नाले बैदेशिक रोजगारी तथा विपदमा परेका र भएका हिंसा, ठगी तथा आकस्मित घट्नाबाट अंगभंग तथा मृत्यु भएका पिडीत, प्रभावित वा तिनका परिवारको लागी प्रदान गरिने कोष भन्ने सम्झनु पर्छ ।

ग) " बैदेशिक रोजगार भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनुपर्छ "

(घ) " विपद भन्नाले " वाढी , पहिरो, आगलागी , दुर्घटनामा परेको परिवार सम्झन्नु पर्दछ ।

(ङ) "पीडित" भन्नाले बैदेशिक रोजगारी तथा विपदमा हुने विभिन्न हिंसा तथा अप्रत्यासित घट्नाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

च) "राहत तथा आर्थिक सहायता समिति " भन्नाले नियम ९ बमोजिम गठन भएको राहत समिति सम्झनुपर्छ

छ) "परिवार" भन्नाले बैदेशिक रोजगारी तथा विपदमा परेका तथा बैदेशिक रोजगारीबाट फर्की आएका कामदार आफैले पालन पोषण गर्नुपर्ने पति वा पत्नि,छोरा छोरी वा आमा बाबु तथा महिलाको हकमा निजका सासु ससुरा समेतलाई जनाउदछ ।

ज) "कामदार" भन्नाले बैदेशिक रोजगार व्यावसाय पाउने नेपाली नागरिक सम्झनु पर्छ ।

झ) "बैदेशिक रोजगार व्यावसाय" भन्नाले नेपाली नागरिकलाई विदेशमा रोजगारी उपलब्ध गराउन सन्चालन गरेको व्यवसाय सम्झनु पर्छ ।

ञ) “आप्रवासी” भन्नाले वैदेशिक रोजगारीमा गएका वा फर्की आएका व्यक्ति वा समुहलाई जनाउछ ।

ट) “आर्थिक सहायता ” भन्नाले विपद तथा वैदेशिक रोजगारी गएका तथा फर्किएका परिवार समस्यामा पर्दा आपतकालिन कोषबाट प्रदान गरिने रकमलाई सम्झनु पर्छ ।

ठ) “परियोजना” भन्नाले विपद तथा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र उपलब्धी मुलक बनाउने काम गर्ने कार्यक्रम वा परियोजनालाई बुझ्नु पर्छ ।

ड) “सुचना तथा परामर्श केन्द्र”भन्नाले सुरक्षित आप्रवासन परियोजनाले प्रवर्द्धन गरेको सुरक्षित आप्रवासन सुचता तथा परामर्श केन्द्रलाई जनाउछ ।

ढ) “निर्देशिका” भन्नाले सुरक्षित आप्रवासन राहत तथा आर्थिक सहायता कोष सन्चालन निर्देशिका २०७४ लाई जनाउछ ।

ण) “सुरक्षित आप्रवासन आपतकालिन कोष”भन्नाले बैदेशिक रोजगारीमा गएका तथा गएर फर्केका व्यक्ति तथा निजका परिवार आपतमा पर्दा सहयोगका लागी यसै निर्देशिका बमोजिम स्थापना गरिने कोषलाई बुझाउछ ।

त) “सुचना तथा परामर्श सेवा” भन्नाले बैदेशिक रोजगारीलाई सुरक्षित र उपलब्धी मुलक बनाउनको लागी प्रदान गरिने प्राविधिक तथा व्यावस्थापकीय ज्ञानलाई जनाउछ ।

थ) “साझेदार संस्था भन्नाले” कार्यक्रम सन्चालनका लागी आर्थिक,प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई जनाउछ ।

द) “मन्त्रालय”भन्नाले श्रम तथा रोजगार मन्त्रालयलाई जनाउछ ।

ध) “विभाग” भन्नाले बैदेशिक रोजगार विभाग सम्झनु पर्छ ।

न) ” कार्यालय भन्नाले“ सिद्धलेक गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

प) “न्याधिकरण”भन्नाले बैदेशिक रोजगार ऐन २०६४ ऐनको दफा ६४ बमोजिम गठन भएको बैदेशिक रोजगार न्यायधीकरण सम्झनु पर्छ ।

३) कोषको स्थापना :

१) वैदेशिक रोजगार तथा विपदका क्रममा भएका हिंसा,ठगी तथा अप्रत्यासित घट्ना पीडित तथा प्रभावित परिवारको लागी सुरक्षित आप्रवासन राहत तथा आर्थिक सहायता कोष नामक एक कोष स्थापना गरिने छ ।

२) कोषमा देहाय बमोजिमको रकमहरु रहने छ ।

क) गाउँपालिकाले बार्षिक रुपमा कोषको लागी बिनियोजन गरेको रकम

ख) जिल्ला समन्वय समितिबाट प्राप्त रकम

ग) नेपाल सरकारका केन्द्रिय तथा प्रदेश सरकारबाट प्राप्त रकम

घ) राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त रकम

ङ) स्वदेशी  तथा विदेशी कुनै व्यक्तिबाट प्राप्त रकम

च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

३) उपनियम १ बमोजिमको रकम स्थानिय स्तरमा स्थापित बैंकमा खाता खोली जम्मा गरिने छ ।

**४) कोषको खाताको संचालन**

वैदेशिक रोजगार तथा विपदको क्रममा हुने हिंसा तथा अप्रत्यासित घट्नाका पिडीत तथा प्रभावितहरुको लागी राहत तथा आर्थिक सहायता कोष सन्चालन समितिका सदस्य सचिव र विपद व्यवस्थापन समिकि संयोजकको नाममा संयुक्त खाता सन्चालन गरिने छ ।

**५) लाभान्वित बर्ग**

वैदेशिक रोजगारी तथा विपदमा परेका र विदेश गएका वा गएर फर्केका तथा निजका परिवारका सदस्यहरु, आन्तरिक जोखिममा परेका समेतलाई यस कोषको लाभान्वित वर्ग हुने छ ।

**६) कोषको रकम खर्च गर्ने विधि**

वैदेशिक रोजगार तथा विपद क्रममा हुने हिंसा तथा अप्रत्यासित घट्नाका पीडित तथा प्रभावितहरुको लागी राहत तथा आर्थिक सहायता समितिले गरेको निर्णका आधारमा मात्र कोषको रकम खर्च गरिने छ ।

**७) कोषको उपयोग**

विपद तथा सुरक्षित आप्रवासनका लागी राहत तथा सहायता कोषको रकम देहायको कामको लागी पीडित/प्रभावितलाई उपलब्ध गराउन उपयोग गरिने छ ।

क) तत्काल  खोज तथा उद्धार गर्न

ख) औषधी उपचार गर्न

ग) कानुनी सहायता मिलाउन

घ) मनोबैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न

ङ) पुर्नस्थापना गराउन

च) यातयात तथा हवाई खर्च गर्न

छ) दाह संस्कार तथा अन्यष्टी गर्न

झ) पीडित तथा प्रभावितहरुको लागी संचालन समितिले तोकेबमोजिमको अन्य काममा प्रयोग गर्न

**८) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने**

कोषको रकम नियम ७ मा लेखीए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन । यदी सहयोग रकम अन्यत्र खर्च भएको पुष्टि हुन आएका उक्त रकम राहत कोष सँचालाक समितिले कोषमा फिर्ता गराउना सक्ने छ।

**(९) राहत समिति गठन :**

१) विपद तथा वैदेशिक रोजगार पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गरायउने काम समेतको लागि गाउँपालिका ११ सदस्यीय राहत समिति रहनेछ।

२ )राहत समितिको गठन देहाय वमोजिम हुनेछ ::

१) गाँउपालिका अध्यक्ष/निजले तोकेको गाउँकार्यपालिकाको — सदस्य संयोजक

२)न्यायिक समिति संयोजक — सदस्य

३)प्रमुख प्रशासकिय अधिकृत — सदस्य

४)सामाजिक विकास समिति सँयोजक — सदस्य

५)स्वास्थ्य शाखा प्रमुख — सदस्य

६)इलाका प्रहरी प्रमुख — सदस्य

७) महिला मानव अधिकार रक्षकहरुको गाउँपालिका स्तरिय सँजाल — सदस्य

८) गाउँपालिकाको कानुनी सल्लाकार — सदस्य

९) सुरक्षित आप्रवासन तथा मानव बेचखिन विरुद्धको अभियानमा कार्यरत स्थानिय तहका गैससहरु मध्येवाट १ जना — सदस्य

१०) गाउँपालिका स्तरिय सुरक्षित आवास गृहका प्रतिनिधि — सदस्य

११) महिला विकास शाखा प्रमुख — सदस्य सचिव

माथि उल्लेखित गरिए भन्दा बाहेक आवश्यकता अनुसार समितिले आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ । यस समितिमा सदस्यहरुको जिम्मेवारी हेरफेर वा अन्य कुनै कारणले पदावधी कायम राख्दै समितिमा रहन नसक्ने अवस्था आईपरेमा उक्त पदपुर्तीको लागी समितिको बैठकले निर्णय गरी सदस्य हेरफेर गर्न सकिने छ ।

३) नियम २ को ङ बमोजिमको सदस्यको पदावधी ३ बर्षको हुने छ ।

४) विपद तथा सुरक्षित आप्रवासन राहत तथा कोष सन्चालन समितिको सचिवलाय गाउँपालिकाको कार्यलयमा रहने छ ।

## १०) सन्चालक समितिको काम,कतर्व्य र अधिकार :

क) विपद तथा वैदेशिक रोजगारबाट पिडीत तथा प्रभावित व्यक्ति तथा परीवारलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउने ।

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने

ग) गाउँपालिका स्तरमा विपद तथा सुरक्षित आप्रवासन तथा मानव वेचविखनको अभियानमा कार्यरत विभिन्न संघ-संस्था तथा निकायको बीच समन्व्य गर्ने ।

घ) विपद तथा सुरक्षित आप्रवासन तथा मानव बेचविखन अन्त्यको लागी समुदाय स्तरमा जनचेतना मुलक कार्यक्रमहरु सन्चालन गर्ने तथा प्रभावितहरुको लागी जिविकोआर्पजन सुधारका कार्यक्रमहरुको योजना बनाई कार्यन्वयन गर्ने

ङ) राहत तथा आर्थिक सहायता कोष बृद्धिको लागी विभिन्न रचनात्मक क्रियाकलापहरु सन्चालन गर्ने

च) राहत तथा आर्थिक सहायता कोष बृद्धिको लागी संघ संस्था सहकारी दातृनिकाय तथा अन्य निकायहरु सँग समन्वय र सहकार्य गर्ने ।

छ) राहत तथा आर्थिक सहायत कोषको बारेमा समुदाय स्तरमा सम्म सुचना पुर्‍याई पिडीत तथा प्रभावित व्यक्ति आर्थिकहरुको लागी अधिकतम प्रयोग गर्ने ।

### ११) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :

१) यस निर्देशिका बमोजिम पिडीतलाई तथा प्रभावितहरुलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईने छ ।

क) विपद तथा बैदेशिक रोजगारका क्रममा पिडीत तथा प्रभावितहरुलाई तत्काल उद्धार गर्नुपर्ने भएका सवारी साधन प्रयोग गर्नुपर्दा समन्वय प्रकृतिका घट्नाहरुमा सार्वजनिक यातयातमा लाग्ने खर्च र

गम्भिर प्रकृतिका घट्नामा यातायातको साधन रिर्जभ गरी लागने गरी लाग्ने गरि बढीमा रु १५०००।- सम्म उपलब्ध गराउने ।

साथै सो कार्यका लागी पीडित र उद्धारमा जानेहरुको लागी खाना खाजा बापत प्रतिव्यक्ति रु ३००।- उपलब्ध गराउने । यस्तो रकम एउटा घट्नामा बढीमा ३ जना सम्मलाई उपलब्ध गराउने ।

ख) पीडित वा प्रभावितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा सामान्य प्रकृतिका घट्नामा सार्वजनिक यातयातको साधनमा लाग्ने खर्च खाना खर्च बापत प्रति दिन रु ३००- बढीमा ७ दिन वा एक हप्ता सम्मको लागी । एक पटकको लागी दोहोर यातयात खर्च उपलब्ध गराउने । गम्भिर प्रकृतिको घट्नामा एमबुलेन्सको भाडा उपलब्ध गराउने निशुल्क उपचारको लागी स्वास्थ्य संस्था सँग समन्वय गर्ने ।

ग) कानुनी सहायताका लागी सामान्य उजुरी लेख्नको लागी रु १०००।- र जाहेरी लेख्नको लागी बढीमा रु ३०००।- सम्म उपलब्ध गराउने र कानुन व्यवसायी राख्नुपर्ने भएमा समितिले बालएसोसिएसन र जिल्ला अदालतमा बैतनिक वकिलका लागी सिफारीस गर्ने ।

घ) विपद तथा बैदेशिक रोजगारीको शिलशिलामा अङभङ भई पुर्ण रुपमा अशक्त भएमा सम्बन्धीत व्यक्तिलाई रु १५०००।- र मृत्यु भएमा मृतकका परिवारलाई रु २००००।- आर्थिक सहायता उपलब्ध गराईने छ । यसका लागी निवेदकले विरामी वा आकस्मिक घट्नामा परि अङभङग भई पुर्ण रुपमा अशक्त भएमा सम्बन्धीत अस्पतालको सिफारीस वा प्रमाण खुल्ने कागजात वा मृत्यु भएको खण्डमा मृत्युदर्ताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

**१२) राहत तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रक्रिया :**

क) यस नियमावली बमोजिम विपद तथा बैदेशिक रोजगार पीडित तथा प्रभावितहरुको लागी राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा प्रभावित वा सहयोग प्रदान गर्ने संस्थाले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मानशिव कारणलाई कार्यलयमा निवेदन दिनुपर्ने छ ।

ख) उपनियम क) बमोजिम प्राप्त भएको निवेदनको जाँचबुझ गर्दा पीडित वा सहयोग गर्ने संस्थालाई राहात तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा राहात तथा आर्थिक सहायता समितिले नियम १० को अधिनमा रहि आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

ग) आकस्मिक घटनाका पीडित तथा प्रभावितह्रका लागि राहात उपलब्ध गराई पाउँ भनि निवेदन दिएको बढिमा ३ दिन भित्रमा सो रकम उपलब्ध गराइनेछ ।

घ) आकास्मिक रुपमा राहात तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गाउँपालिका विपद तथा बैदेशिक रोजगार आपतकालिन कोष संचालक समितिको खातामा रु . ५००,०००।- पाँच लाख

बराबरको रकम विनियोजन गरिने छ । उक्त रकम मध्ये  समितिको जिम्मामा नगद रकम रु १५,०००।-

। को साना नगदीकोष अटुट रुपमा गरिनेछ । यो कोष मार्फत तत्काल व्ययस्था मिलाउनु पर्नेछ ।

ङ) यसरी प्रदान गरिने राहात ताथ आर्थिक रकम पीडित तथा प्रभावितलाई तत्काल उपलब्ध गराउने आवश्यक भएमा समितिको संयोजकले साना नगदी कोष मार्फत उपलब्ध गराउन निर्देशन सक्ने व्यवस्था मिलाईएको छ ।

च) राहात तथा आर्थिक सहायताका लागि पीडित वा प्रभावित वा परिवारका सदस्यले निवेदनका साथमा बडा कार्यलय , प्रहरी कार्यलय र यदि महिला भएमा महिला तथा वालवालिका शाखाको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

छ) पीडित वा प्रभावित वा परिवारलाई सहयोग गर्ने संस्थाले यदि राहात तथा आर्थिक सहयोगको लागी निवेदन दिएको छ भने निवेदनको साथमा प्रहरी वा स्वास्थ्य संस्था वा महिला तथा बालबालिका साखाले सो घटनामा संस्थाले सहयोग गरेको हो भन्ने सिफारीस पत्र पेश गर्नुपर्ने छ ।

**१३) कोषमा रकम थप गर्ने** :

१) सिद्धलेक गाउँपालिकाबाट राहत कोषको लागी गाउँसभाबाट बार्षिक रुपमा कम्तिमा रु ५ लाख रुपैया नघट्ने गरी रकम थप गर्ने व्यावस्था मिलाईने छ ।

२) पालिका भित्र वा बाहिर रहेको संघ संस्थाहरुसँग राहत कोषमा रकम थप गर्नको लागी आव्हान गरीने छ ।

३) कोषमा रकम थप गर्नको लागी अन्य क्रियाकलापहरु सन्चालन गरिने छ

**१४) बैठक :**

१) राहत तथा बार्षिक सहायता समितिको बैठक

क) राहत तथा आर्थिक सहायता समितिको बैठक प्रत्येक दुई महिनाको एक पटक बस्ने छ तर आवश्यकता परेमा जुनसुकै समयमा पनि बस्न सकिने छ । समितिको संयोजकको निर्देशनमा सदस्य सचिवले बैठक आव्हान गर्ने छ ।

ख) यसरी बैठक बस्दा समितिको सदस्यहरुलाई कम्तीमा ३ दिन अगावै जानकारी गराउने पर्ने छ । तर अति आकसमिक बैठकको हकमा यो लागु हुने छैन ।

ग) राहत तथा आर्थिक सहायता समितिको बैठकको लागी सामान्य खाजा र गाउँकार्यपालिकाले निर्धारण गरेको नर्म्स अनुसार बैठक भत्ताको व्यवस्था गरिने छ । सो बापत लाग्ने रकम सचिवालय रहेको कार्यलय वा गाउँपालिकाले बेर्होन पर्ने छ ।

**१५ अनुगमन र जाँचबुझ सम्बन्धी व्यावस्था**

क) यो निर्देशिकामा उल्लेखीत व्यावस्था अनुसार भए नभएको वा कुनै किसीमका विषयान्तर खर्च देखिएमा सुरक्षित आप्रवासन आपतकालिन कोष सन्चालनको लागी राहत तथा आर्थिक सहायता समितिले अनुगमन गर्ने छ ।

ख) विपद तथा बैदेशिक रोजगारीको पीडित तथा प्रभावित व्यक्ति वा परिवारीले झुठ्ठा विवरण पेश गरेमा वा कुनै पनि किसिमको शंकास्पद काम गरेमा वा रकमको दूरुपयोग भएमा समितिले अनुगमन तथा जाँचबुझको लागी ३ देखी ५ सदस्यीय कार्यदल गठन गरी हरेक दस्तावेजहरुको जाँचबुझ गर्न सक्ने छन् । यसरी जाँचबुझ गर्दा कसुर ठहरीएका व्यक्ति वा समुह माथि नेपालको प्रचलित कानुन बमोजिम दण्ड सजाय हुनेछ ।

**१६ प्रतिवेदन :**

क) राहात तथा आर्थिक सहायता समितिको प्रत्येक बैठकमा सो अवधिमा भएका राहत तथा आर्थिक सहयोगको प्रगती विवरण प्रस्तुत गर्नुपर्नेछ ।

ख) समितिले प्रदान  गरेको राहत तथा आर्थिक सहायताको प्रतिवेदन अर्धबार्षिक र बार्षिक रुपमा तयार गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

ग)समितिले तयार  गरेको प्रतिवेदनको बारेमा सरोकारवालाहरुको विचमा सार्बजनिक गर्ने तथा गाउँपालिकाले प्रकाशित गर्ने प्रतिवेदनहरुमा समावेश गरीनेछ ।

घ) विपद तथा बैदेशिक रोजगारको क्रममा भएका पीडित तथा प्रभावित वा परिवारलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने पालिकाका अन्य तथा गैरसरकारी संघसंस्थाहरुको अर्धबार्षिक बार्षिक प्रतिवेदन संकलन गरी पालिकाको समग्र प्रतिवेदनको लागी बार्षिक बुलेटिन प्रकाशित गर्ने ।

**१७) निर्देशिका संशोधनः**

यो निर्देशिकाको कुनै नियम,उपनियमहरु परिमार्जन गर्नुपरेमा वा थपघट गर्नुपरेमा  समितिको पुर्ण बैठकले संशोधन प्रस्ताव पेश गरी गाउँकार्यपालिकाको बैठक मार्फत गाउँसभाबाट स्विकृत गरी लागु हुनेछ ।